भीमेश्वर नगरपलिका
दोलखा जिल्ला बागमती प्रदेश
भीमेश्वर नगरपालिका राजपत्र
नगर कार्यपालिकाद्वारा प्रकाशित

खण्ड ९ | संख्या ३ | मितिः २०८२/१०/२२

# भाग १

## स्थानीय मदिरा (रक्सी) उत्पादन तथा विक्रि वितरण सम्बन्धी ऐन, २०८२

**प्रस्तावना**

भीमेश्वर नगरपालिका एक पर्यटकीय क्षेत्र रहेको र आदिवासी जनजातिहरुको बाहुल्यता रहँदै आएको नगरपालिका हो । विशेषगरी जनजाति तथा दलित समुदायको स्थानीय चाडपर्व, जन्म संस्कारदेखि लिएर मृत्यु संस्कारसम्ममा मदिराको उत्पादन र प्रयोग विगत लामो समयदेखि हुँदै आइरहेको, पर्यटकहरुको पनि स्थानीय मदिरामा रुचि रहेको अवस्था र यस जिल्लामा किवि, आल्चा जस्ता धेरै फलफुलको उत्पादन हुने गरेको, फलफुल बजारको पनि समस्या हुन लागिरहेको अवस्थामा स्थानीय कोदो, फापर र फलफुलमा आधारित मदिराको उत्पादन, प्रशोधन, प्याकेजिङ, लेबलिङ, वितरण, कर, ब्राण्डिङ, अनुसन्धान र प्रवर्द्धन सम्बन्धी सम्पूर्ण प्रक्रिया स्पष्ट गरी दिगो, सुरक्षित, विश्वसनीय र पहिचानयुक्त स्थानीय उद्योग स्थापना मार्फत स्वदेशी उत्पादनलाई अभिवृद्धि गरी मदिरा र मदिराजन्य पदार्थको आयात प्रतिस्थापन र स्थानीय संस्कृती रितिरिवाजको जगेर्ना गरी उपभोक्ताहरुलाई ब्राण्डिङयुक्त र सुरक्षित मदिरा सेवन गराई स्थानीय समुदायमा आय आर्जनमा सघाउ पुऱ्याउन वाञ्छनीय भएको हुँदा नेपालको संविधानको धारा २२६ ले दिएको अधिकार प्रयोग गरी भीमेश्वर नगरपालिकाको नगरसभाबाट यो ऐन पारित गरिएको छ ।

### अध्याय १: प्रारम्भिक व्यवस्था

**१ संक्षिप्त नाम र प्रारम्भ**

१.१ यस ऐनको नाम "भीमेश्वर नगरपालिकाको स्थानीय मदिरा (रक्सी) उत्पादन, गुणस्तर सुनिश्चितता तथा वितरण व्यवस्थापन ऐन, २०८२" भनिनेछ ।

भीमेश्वर नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
चरिकोट, दोलखा
बागमती प्रदेश
२०७२

विष्णु प्रसाद सुवेदी
प्रमुख प्रशासकीय अधिकृत

१.२ यो ऐन भीमेश्वर नगरपालिकाले स्थानीय राजपत्रमा सूचना प्रकाशन गरेपछि प्रारम्भ हुनेछ ।

१.३ कार्यविधी लागू हुने क्षेत्र : यो ऐन भीमेश्वर नगरपालिकाभित्र दर्ता भई संचालन हुने स्थानीय मदिरा उत्पादन गर्ने किसान/उद्यमी,घरेलु तथा साना उद्योग, होटल-रेस्टुरेन्ट वितरणकर्ता सबैमा लागू हुनेछ ।

**अध्याय २: परिभाषा**

**२ परिभाषा :** विषय वा प्रसङ्गल अर्को अर्थ नलागेमा यस ऐनमा,-

(क) "इजाजतपत्र" भन्नाले दफा ३ बमोजिम घरेलु मदिराको उत्पादन मात्र गर्ने व्यक्तिलाई दिइएको इजाजतपत्र सम्झनु पर्छ र सो शब्दले दफा ३० बमोजिम मर्चाको उत्पादन गरी बिक्रि वितरण गर्न दिइएको इजाजत पत्र समेतलाई जनाउनेछ ।

(ख) "उत्पादक" भन्नाले परम्परागत घरेलु मदिरा उत्पादन गर्न इजाजतपत्र प्राप्त व्यक्ति वा यस ऐन बमोजिम दर्ता भएको उद्योगलाई सम्झनु पर्छ र सो शब्दले घरेलु मदिरा उत्पादन गर्न इजाजतपत्र प्राप्त व्यक्तिबाट सङ्कलन गरी गुणस्तरीय परीक्षण र आवयकता अनुसार थप प्रशोधन गर्दै बोटलिङ तथा प्याकेजिङ गरी आफ्नै ब्राण्डको नाममा बिक्रि वितरण गर्ने उद्योग समेतलाई जनाउँछ ।

(ग) "उत्पादन" भन्नाले घरेलु मदिरा तयार गर्नका लागि आवयक कच्चा पदार्थ पकाउने, फर्मेन्टेसन गर्ने, तताउने वा त्यस्तो पदार्थमा बास्ना वा स्वाद आउनेगरी कुनै कुराको समिश्रण गर्ने वा घरेलु मदिरा तयार गर्नको लागि अपनाइने सबै विधि वा कार्य सम्झनु पर्छ र सो शब्दले त्यस्तो मदिराको प्रशोधन समेतलाई जनाउँछ ।

(घ) "उद्योग" भन्नाले यस ऐन बमोजिम घरेलु मदिरा उत्पादन, सङ्कलन, प्रशोधन, गुणस्तर परीक्षण, प्याकेजिङ, लेबलिङ तथा ब्राण्डिङ गर्न दर्ता भएको माइक्रोब्रुअरी उद्योग सम्झनु पर्छ ।

(ङ) "कार्यलय" भन्नाले भीमेश्वर नगरकार्यपालिकाको कार्यलयलाई सम्झनु पर्छ ।

(च) "घरेलु मदिरा " भन्नाले अन्न, फलफुल वा जडीबुटीमा मर्चा मिसाएर निश्चित समयसम्म फर्मेन्टेसन गराई स्थानीय वा नविनतम प्रविधिको प्रयोग गरी तयार पारिएको अल्कोहलजन्य पदार्थ सम्झनु पर्छ र सोशब्दले रक्सी, जाँड, वाईन, महुवा, तोङ्वा, छ्याङ समेतलाई जनाउँछ ।

(छ) "तोकिएको" वा "तोकिए बमोजिम" भन्नाले यस ऐन अन्तर्गत बनेका नियम, कार्यविधि, निर्देशिका तथा मापदण्डमा तोकिएको वा तोकिए बमोजिम सम्झनु पर्छ ।

(ज) "प्याकेजिङ" भन्नाले घरेलु मदिरालाई बोतल, कन्टेनर, क्यान, कार्टुन, बाकस वा कुनै भाँडोमा राखेर छोप्ने वा बिर्को बन्द गर्ने कार्य सम्झनु पर्छ ।

(झ) "स्थानीय सरकार" भन्नाले भीमेश्वर नगरपालिका, दोलखालाई सम्झनु पर्छ ।

(ञ) "नगरकार्यपालिका" भन्नाले भीमेश्वर नगरपालिकाको नगरकार्यपालिकालाई सम्झनु पर्छ ।

(ट) "नगर सभा" भन्नाले भीमेश्वर नगरपालिकाको सभालाई सम्झनु पर्छ ।

(ठ) "मर्चा " भन्नाले विभिन्न जडीबुटीमा प्राकृतिक रुपमा अवस्थित यिस्ट (Yeast), मोल्ड (Mold_ र जीवाणु (Bacteria) को उपयुक्त समिश्रणलाई स्टार्चयुक्त अन्नबाली (कोदो, चामल, गहुँ, जौ, उवा वा अन्य अन्न) को पिठोमा मोलेर आवयक विधि र प्रक्रिया पुरा गरी बनाएको घरेलु मदिरा उत्पादनमा प्रयोग हुने वस्तु सम्झनु पर्छ ।

(ड) "लेबलिङ" भन्नाले दफा १२ बमोजिम घरेलु मदिराको प्याकेजिङमा उल्लिखित विवरण वा सङ्केतलाई सम्झनु पर्छ र सो शब्दले दफा २७, २८ बमोजिम मर्चाको उत्पादनमा उल्लिखित विवरण वा सङ्केत समेतलाई जनाउँछ ।

भीमेश्वर नगरपालिका नगर कार्यपालिकाको कार्यालय चरिकोट, दोलखा बागमती प्रदेश, नेपाल २०७३

(ढ) "बास" भन्नाले दफा ९ मा उल्लिखित अन्न वा फलफुल पानी र मर्चासँग मिसाई घरेलु मदिरा उत्पादन गर्न योग्य बनेको वस्तुलाई सम्झनु पर्छ।

(ण) "सङ्कलन" भन्नाले इजाजतपत्र प्राप्त व्यक्तिले उत्पादन गरेको घरेलु मदिरा प्रशोधन, वोटलिङ, प्याकेजिङ, ब्राण्डिङ तथा लेवलिङ गरी बिक्रिवितरण गर्ने प्रयोजनको लागि सङ्कलन तथा भण्डारण गर्ने कार्य सम्झनु पर्छ।

## परिच्छेद- २

## घरेलु मदिराको उत्पादन तथा विक्रि वितरणको दर्ता तथा इजाजत सम्बन्धी व्यवस्था

३. इजाजतपत्र लिनु पर्ने वा उद्योग दर्ता गर्नु पर्ने:

(१) यस ऐन बमोजिम कुनै पनि व्यक्तिले इजाजतपत्र नलिई घरेलु मदिराको उत्पादन गर्न वा कुनै व्यक्ति, फर्म वा कम्पनीले उद्योग दर्ता नगराई घरेलु मदिराको व्यवशायिक उत्पादन, सङ्कलन, प्रशोधन, प्याकेजिङ, लेवलिङ तथा विक्रि वितरण गर्न पाउने छैन।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भएतापनि संस्कृती, परम्परा, रितीरिवाज, घरायसी प्रयोजन तथा निजी उपयोगको लागि वार्षिक साठी लिटरसम्म घरेलु मदिरा र साठी लिटरसम्म जाँड उत्पादन गर्न यस ऐनले बाधा पुऱ्याएको मानिने छैन।

(३) उद्योग दर्ता वा इजाजतपत्रको लागि निवेदन दिनु पर्ने: (१) घरेलु मदिराको उत्पादन, सङ्कलन, प्रशोधन, प्याकेजिङ, लेवलिङ तथा विक्रि वितरण गर्न चाहने व्यक्ति, फर्म वा कम्पनीले उद्योग दर्ता वा इजाजतपत्र लिनको लागि देहायका विवरण तथा कागजात संलग्न गरी अनुसूची १ को ढाँचामा कार्यालयमा निवेदन दिनु पर्नेछ :-

(क) सम्बन्धित वडाको सिफारिस

(ख) कम्तीमा अठार वर्ष पुरा भएको व्यक्तिको नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपी,

(ग) घरेलु मदिराको उत्पादन, सङ्कलन वा विक्रि वितरणको लागि प्रयोग गरिने स्थान तथा आवयक पर्ने भाँडा तथा मेसिनरी सम्बन्धी विवरण,

(घ) घरेलु मदिरा उत्पादनको लागि चाहिने अन्न तथा फलफुल जस्ता कच्चा पदार्थको आपूर्ति गर्ने क्षेत्र र तत् सम्बन्धी व्यवस्था,

(ङ) उद्योग स्थापनका लागि उद्योग रहने स्थानको साँध संधियारहरूको मञ्जुरीनामा सहितको स्थानीय सर्जमिन मुचुल्का,

(च) इजाजतपत्रको लागि घरेलु मदिराको उत्पादन सम्बन्धी कार्ययोजना,

(छ) उद्योगको परियोजना प्रस्ताव

(ज) तोकिएको ढाँचाको निवेदन

४. (१) दफा ३(३) बमोजिमको निवेदन उपर आवयक जाँचबुझ गरी उपयुक्त देखिएमा कार्यालयले तोकिए बमोजिमको ढाँचामा इजाजतपत्र वा उद्योगको दर्ता प्रमाणपत्र दिनु पर्नेछ।

(२) उपदफा (१) बमोजिम इजाजतपत्र दिनु वा उद्योग दर्ता गर्न नमिल्ने देखिएमा सोको कारण र आधार खुलाई सात दिनभित्र निर्णय गरी सम्बन्धित निवेदकलाई त्यस्तो निर्णयको लिखित जानकारी दिनु पर्नेछ।

(३) उपदफा (१) बमोजिम इजाजतपत्र वा दर्ता प्रमाण पत्र दिँदा यो ऐन तथा यस ऐन अन्तर्गत बनेको नियमावलीको अतिरिक्त इजाजतपत्र प्राप्त व्यक्ति वा उद्योगले पालना गर्नुपर्ने सर्त समेत निर्धारण गरी दिनु पर्नेछ।

(४) दफा ३ (३) बमोजिम आवश्यक कागजात सहित निवेदन प्राप्त भएमा देहाय अनुसारको छानविन समितिले छानविन गरी कार्यालयलाई सिफारिस गरेपछि कार्यालयले अनुसुची २ को ढाँचामा इजाजत /दर्ता प्रमाण पत्र उपलब्ध गराउने छ ।

**छानविन समिति**

क) संयोजक प्रमुख प्रशासकीय अधिकृत

ख) सदस्य आर्थिक प्रशासन शाखा प्रमुख

ग) सदस्य राजश्व शाखा/उद्योग शाखा प्रमुख

घ) सदस्य स्वास्थ्य शाखा प्रमुख

ङ) सदस्य सचिव : भीमेश्वर नगरपालिकाबाट तोकिएको बजार निरिक्षक

समितिले आवश्यक ठानेको व्यक्तिलाई आमन्त्रण गर्न सक्नेछ ।

(५) घरेलु मदिराको इजाजतपत्र तथा उद्योगको दर्ता दस्तुर र अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

५.सहकारीले घरेलु मदिरा उत्पादन सम्बन्धी उद्योग दर्ता गर्न सक्नेः (१) प्रचलित कानून बमोजिम दर्ता भई सञ्चालनमा रहेका उत्पादनमूलक कृषि सहकारीले घरेलु मदिरा उत्पादन सम्बन्धी उद्योग दर्ता गर्न चाहेमा दफा ४ बमोजिम उद्योग दर्ता गर्न सक्नेछन्। जसको लागि त्यस्ता सहकारी संस्थाको विनियममा सो कुरा उल्लेख भएको हुनु पर्नेछ ।

(२) उपनियम (१) बमोजिम उद्योग दर्ता गर्न चाहने सहकारी संस्थाले दफा ४ को उपदफा (१) मा उल्लिखित कागजात सहित देहाय बमोजिमका कागजात संलग्न गरी कार्यालय समक्ष निवेदन दिनु पर्नेछ :

(क) सहकारी संस्थाको विनियमको प्रतिलिपि,

(ख) उद्योग सञ्चालन गर्ने सम्बन्धमा साधारण सभाबाट भएको निर्णयको प्रमाणित प्रतिलिपि,

(ग) निवेदन दिन प्रतिनिधि नियुक्त गरेको भएमा सोको अख्तियारी पत्र,

(घ) सहकारी संस्थाको अघिल्लो आर्थिक वर्षसम्मको लेखापरीक्षण प्रतिवेदन, कर चुक्ता प्रमाण पत्रको प्रतिलिपि, र

(ङ) शेयर सदस्यहरूको शेयर लगत सहितको विवरण ।

६. दर्ता तथा इजाजतपत्रको अवधि र नवीकरणः (१) दफा ४ वा ५ बमोजिम इजाजतपत्र वा उद्योग दर्ता प्रमाणपत्रको अवधि सोही आर्थिक वर्षको असार मसान्तसम्मको लागि मात्र हुनेछ ।

(२) इजाजतपत्र तथा दर्ता प्रमाणपत्र नवीकरणका लागि प्रत्येक आर्थिक वर्ष समाप्त भएको मितिले नब्बे दिनभित्र इजाजतपत्र प्राप्त व्यक्ति वा उद्योगले गत आर्थिक वर्षको कर चुक्ता प्रमाणपत्र सहित कार्यालय समक्ष तोकिए बमोजिम निवेदन दिनु पर्नेछ ।

(३) उपदफा (२) बमोजिमको निवेदनका सम्बन्धमा कार्यालयले आवयक जाँच बुझ गरी उद्योग दर्ता वा इजाजत शुल्कको दश प्रतिशत रकम लिई दर्ता प्रमाणपत्र वा इजाजतपत्र नवीकरण गरिदिनु पर्नेछ ।

(४) उपदफा (२) बमोजिमको अवधिभित्र नवीकरण नगर्ने उद्योगले देहाय बमोजिमको नवीकरण दस्तुरका अतिरिक्त थप जरिवाना तिरी नवीकरण गर्न सक्नेछ :

भीमेश्वर नगरपालिका नगर कार्यपालिकाको कार्यालय चरिकोट, दोलखा बागमती प्रदेश, नेपाल २०७३

विष्णु प्रसाद सुवेदी
प्रमुख प्रशासकीय अधिकृत

(क) एकानब्बेऔं दिनदेखि सो आर्थिक वर्षको मसान्तसम्म नवीकरण दस्तुरका अतिरिक्त नवीकरण दस्तुरको शत प्रतिशत थप शुल्क,

(ख) खण्ड (क) बमोजिमको अवधि समाप्त भएपछि प्रत्येक आर्थिक वर्षको लागि खण्ड (क) बमोजिमको दस्तुरका अतिरिक्त दुई हजार पाँच सय रुपैयाँ थप जरिवाना ।

७. **दर्ता प्रमाणपत्र वा इजाजतपत्र खारेज गर्न सकिने:** (१) कुनै कारणले घरेलु मदिरा उत्पादन गर्न वा उद्योग सञ्चालन गर्न नसक्ने भएमा त्यस्तो व्यक्तिले इजाजतपत्र वा उद्योगको दर्ता खारेजीका लागि कार्यालय समक्ष निवेदन दिनु पर्नेछ

(२) उपदफा (१) बमोजिम निवेदन प्राप्त भएमा कार्यालयले त्यस्तो व्यक्ति वा उद्योगले आफुले बुझाउनु पर्ने कर लगायतको सरकारी दायित्व तथा अन्य दायित्व फरफारक गरेको अवस्थामा इजाजतपत्र वा उद्योग दर्ता खारेज गरिदिनु पर्नेछ ।

(३) कार्यालयले देहायको अवस्थामा दफा ४ बमोजिम दिएको दर्ता प्रमाणपत्र वा इजाजतपत्र खारेज गर्न सक्नेछ :

(क) दर्ता प्रमाणपत्र वा इजाजतपत्र नवीकरण नगरेमा,

(ख) दर्ता प्रमाणपत्र वा इजाजतपत्रमा तोकिएका सर्त पालना नगरेमा,

(ग) उत्पादित घरेलु मदिराको गुणस्तर कायम नगरेमा,

(घ) अखाद्य र मानव स्वास्थ्यमा गम्भीर असर पुऱ्याउने वस्तुको प्रयोग गरी घरेलु मदिरा उत्पादन गरेमा,

(ङ) घरेलु मदिरा उत्पादनका लागि इजाजतपत्र प्राप्त व्यक्ति वा उद्योगले त्यस्तो मदिराको उत्पादनको लागि स्थानीय रुपमा उत्पादन नभएको वा पैठारी गरेको कच्चा पदार्थको प्रयोग गरेमा,

(च) प्रचलित कानून बमोजिम नेपाल सरकार तथा स्थानीय सरकारलाई बुझाउनु पर्ने राजस्व नबुझाएमा,

(छ) अन्य प्रचलित कानून विपरितका कार्य गरेमा ।

(४)उपदफा (३) बमोजिम उद्योगको इजाजतपत्र वा दर्ता प्रमाणपत्र खारेज गर्नुअघि उपदफा (३) को खण्ड (घ) मा उल्लिखित अवस्थामा बाहेक उद्योगलाई मनासिब माफिकको कारण पेस गर्न कम्तीमा पन्ध्र दिनको समय दिनु पर्नेछ ।

(५) उपदफा (३) बमोजिम उद्योग खारेज भएमा त्यस्तो उद्योग सञ्चालन गरेको व्यक्तिले दुई वर्षसम्म पुन: सोही प्रकृतिको उद्योग दर्ता गर्न वा इजाजतपत्र लिन पाउने छैन।

८. जानकारी दिनु पर्ने: इजाजतपत्र प्राप्त व्यक्ति वा उद्योगले घरेलु मदिराको उत्पादन शुरु गरेको मितिले तीस दिनभित्र कार्यालयलाई जानकारी दिनु पर्नेछ ।

## परिच्छेद-३

## घरेलु मदिराको उत्पादन, गुणस्तर नियन्त्रण, प्याकेजिङ र लेवलिङ्ग सम्बन्धी व्यवस्था

९. घरेलु मदिराको उत्पादन: (१) यस ऐन बमोजिम इजाजतप्राप्त व्यक्ति वा दर्ता भएको उद्योगले घरेलु मदिरा उत्पादन गर्दा देहाय बमोजिमको अन्न वा फलफुलमा मर्चाको प्रयोग गरी उत्पादन गर्नु पर्नेछ :

(क) कोदो, फापर, उवा, जौ, गहुँ र मकै मध्ये कुनै एक,

(ख) स्याउ, सुन्तला, खुर्पानी, मौवा, आरु, अम्बा, लिची, ऐसेलु, चुत्रो, किवि लगायत अन्य फलफुल मध्ये कुनै एक,

(ग) जडीबुटी ।

विष्णु प्रसाद सुवेदी
प्रमुख प्रशासकीय अधिकृत

भीमेश्वर नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
चरिकोट, दोलखा
बागमती प्रदेश, नेपाल
२०७३

(२) घरेलु मदिरा उत्पादन गर्दा उपदफा (१) को खण्ड (क) वा (ख) वा (ग) मा उल्लिखित खाद्य पदार्थ मध्ये कुनै एक खाद्य पदार्थको मात्र ब्राण्डिङ गरी उत्पादन गर्नु पर्नेछ ।

तर घरेलु मदिराको गुणस्तरमा कुनै परिवर्तन नहुने गरी मदिराको स्वादमा मिठास दिनु अन्य कुनै खाद्य पदार्थको न्त्यून परिमाणमा मिश्रण गर्न सकिनेछ र त्यस्तो खाद्य पदार्थको पूर्व जानकारी कार्यलयलाई दिनु पर्नेछ ।

१०. स्थानीय कच्चा पदार्थ प्रयोग गर्न पर्नेः (१) इजाजतपत्र प्राप्त व्यक्ति वा उद्योगले घरेलु मदिराको उत्पादन गर्नको लागि स्थानीय रुपमा उत्पादन भएका कच्चा पदार्थ प्रयोग गर्नु पर्नेछ ।

(२) उपदफा (१) को प्रयोजनको लागि इजाजतपत्र प्राप्त व्यक्ति वा उद्योग आफैले खेती गर्ने वा जग्गा भाडामा लिई प्रचलित कानून बमोजिम कृषि फर्म सञ्चालन गर्न वा नगरपालिकाभित्र जग्गा भाडामा लिई उत्पादन गर्न वा स्थानीय समुदायसँग सम्झौता गरी मदिरा बनाउनको लागि चाहिने अन्न वा फलफुल उत्पादनको लागि लगानी गर्न वा आपूर्ति सम्बन्धी व्यवस्था गर्न सक्नेछ।

(३) घरेलु मदिरा उत्पादनको लागि आवयक पर्ने अन्न वा फलफुल जस्ता कच्चा पदार्थ उपदफा (२) बमोजिम नगरपालिका क्षेत्रभित्रबाट उपलब्ध हुन नसक्ने भएमा कार्यलयको स्वीकृती लिई नेपालको अन्य क्षेत्रमा उब्जाईएको अन्न वा फलफुल खरिद गरी प्रयोग गर्न सकिनेछ ।

(४) इजाजतपत्र प्राप्त व्यक्ति वा उद्योगले घरेलु मदिरा उत्पादनको लागि आवयक पर्ने अन्न वा फलफुल जस्ता कच्चा पदार्थको आपूर्ति सम्बन्धमा अभिलेख अद्यावधिक राख्नु पर्नेछ ।

(५) कार्यलय वा तोकिएको अधिकारीले उपदफा (४) बमोजिमको विवरण कुनै पनि समयमा जाँच गर्न तथा त्यस्तो विवरणको यकिन गर्नको लागि उब्जाईने स्थानको समेत स्थलगत अनुगमन तथा निरीक्षण गर्न सकिनेछ ।

११. उत्पादनमा स्वच्छता र गुणस्तर कायम गर्नु पर्नेः (१) इजाजतपत्र प्राप्त व्यक्ति वा उद्योगले घरेलु मदिराको उत्पादन, वोटलिङ तथा प्याकेजिङ गर्दा स्वच्छता र गुणस्तर कायम गर्नु पर्नेछ ।

(२) उपदफा (१) को प्रयोजनको लागि कम्तीमा पनि देहाय बमोजिमको व्यवस्था कायम गर्नु पर्नेछः-

(क) वास बनाउनको लागि फर्मेन्टेशन गर्दा प्रयोग गरेको कच्चा पदार्थ, पांनी, मर्चा जस्ता पदार्थ स्वच्छ र स्वस्थकर हुनु पर्नेछ ,

(ख) घरेलु मदिरा राख्न तथा उत्पादन गर्न प्रयोग गरिने भाँडा तथा औजारहरु स्वच्छ तथा सफा राख्नुपर्ने र काठ, माटो वा तामाको भाँडामात्र प्रयोग गर्नुपर्ने ,

(ग) घरेलु मदिरा राख्ने तथा उत्पादन गर्ने स्थान स्वच्छ तथा सफा हुनुपर्ने,

(घ) घरेलु मदिराको उत्पादनमा कुनै पनि अखाद्य वस्तु मिसाउन नहुने,

(ङ) सरुवा वा संक्रामक रोग लागेका व्यक्ति वा कामदारलाई त्यस्तो रोग निको नभएसम्मको लागि घरेलु मदिराको उत्पार्दन, प्रशोधन तथा प्याकेजिङको काममा नलगाउने, र

(च) तोकिए बमोजिमका अन्य व्यवस्थाको पालना गर्नु पर्ने ।

१२. सङ्कलन, बोटलिङ, प्याकेजिङ तथा लेबलिङः (१) उद्योगले इजाजतपत्र प्राप्त व्यक्तिले उत्पादन गरेको घरेलु मदिराको सङ्कलन गरी वा आफुले उत्पादन गरेको घरेलु मदिरा उपर्युक्त तवरले बोटलिङ, प्याकेजिङ तथा लेबलिङ गरी बिक्री वितरण गर्न सक्नेछ ।

विष्णु प्रसाद सुवेदी
प्रमुख प्रशासकीय अधिकृत

(२) उपदफा (१) बमोजिम सङ्कलन गराएको घरेलु मदिराको बोटलिङ, प्याकेजिङ तथा लेबलिङ गर्दा उद्योगले त्यस्तो मदिराको गुणस्तर, स्वाद र बासनामा एकरुपता ल्याउनको लागि आवश्यकता अनुसार थप शुद्धीकरण वा प्रशोधन गर्न सक्नेछ ।

१३. सम्झौता गर्नु पर्ने: (१)दफा १२ बमोजिम सङ्कलन, बोटलिङ, प्याकेजिङ तथा लेबलिङ गरी बिक्री गर्ने उद्योगले इजाजतपत्र प्राप्त व्यक्तिसँग घरेलु मदिरा सङ्कलन सम्बन्धमा सम्झौता गर्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिमको सम्झौतामा अन्य कुराका अतिरिक्त देहायका विषयहरु खुलाउनु पर्नेछ :-

(क) उद्योगले वर्षभरीमा उत्पादकबाट खरिद गर्ने घरेलु मदिराको अनुमानित परिमाण,

(ख) घरेलु मदिराको सम्बन्धमा उत्पादकले प्रयोग गर्ने कच्चा पदार्थ, मर्चा, उत्पादन र भण्डारणमा प्रयोग गरिने सामानहरुमा एकरुपता र कायम गर्नु पर्ने गुणस्तर,

(ग) उत्पादकले घरेलु मदिरा उपलब्ध गराउने अनुमानित अवधि,

(घ) उत्पादकले घरेलु मदिरा उत्पादनको लागि प्रयोग हुने कच्चा पदार्थको आपूर्ति गरिने क्षेत्र वा स्थान र आपूर्तिकर्ता सम्बन्धी विवरण,

(ङ) घरेलु मदिरा खरिद, सङ्कलन तथा भुक्तानी सम्बन्धी अन्य आवश्यक विषयहरू।

१४. घरेलु मदिराको गुणस्तर कायम गर्नु पर्ने: यस ऐन बमोजिम इजाजतपत्र प्राप्त व्यक्ति वा दर्ता भएको उद्योगले दफा ९ बमोजिम उत्पादित घरेलु मदिराको परीक्षण गरी तोकिए बमोजिमको गुणस्तर कायम गर्नु पर्नेछ ।

१५. मात्रा वा गुणस्तर जाँच गर्न सक्ने: (१) स्थानीय सरकारले तोकेको अधिकारीले जुनसुकै बखत घरेलु मदिरा र त्यसको चुहान(डिस्टिलेसन) मा जाने पदार्थको अल्कोहलको मात्रा वा गुणस्तरको जाँच गर्न सक्नेछ।

(२) उद्योगले आफुले सङ्कलन गर्ने घरेलु मदिरा उत्पादन गर्ने इजाजतपत्र प्राप्त व्यक्तिले उत्पादन गरेको घरेलु मदिराको स्वच्छता, गुणस्तर तथा अल्कोहलको मात्रा कुनै पनि बखत जाँच गर्न सक्नेछ।

(३) उत्पादकले घरेलु मदिरामा तोकिएको अल्कोहलको मात्रामा एक प्रतिशत भन्दा बढी फरक वा गुणस्तरमा उल्लेखनीय रूपबाट फरक पार्न पाइने छैन ।

(४) यस दफा बमोजिम घरेलु मदिराको मात्रा वा गुणस्तर जाँच गर्न स्थानीय सरकारले प्रयोगशाला स्थापना गर्न वा कुनै प्रयोगशालामा गुणस्तर जाँच गर्ने गरी तोक्न सक्नेछ ।

१६. ब्राण्डिङ गर्न: (१) उद्योगले घरेलु मदिराको ब्राण्डिङको लागि उचित र उपयुक्त ब्राण्ड कायम गर्न सक्नेछ।

(२) उपदफा (१) बमोजिम ब्राण्ड कायम गर्दा कुनै समूह वा स्थान विशेषको सामूहिक मार्क वा भौगोलिक पहिचान वा परम्परागत सीप वा ज्ञानको विषय भएमा त्यस्तो समूह वा व्यक्तिसँगको परामर्शमा ब्राण्डिङ गर्नु पर्नेछ

(३) इजाजतपत्र प्राप्त व्यक्तिबाट घरेलु मदिराको उत्पादन तथा सङ्कलन गरी ब्राण्डिङ गर्दा उपदफा (२) को प्रयोजनको लागि त्यस्तो उद्योगले सम्बन्धित व्यक्ति वा समूहको सहमतिमा सामूहिक मार्क वा भौगोलिक पहिचान वा परम्परागत सीप वा ज्ञानको ब्राण्डिङ प्रयोग र त्यसको लाभको बाँडफाँड सम्बन्धमा सम्झौता गर्नु पर्नेछ

(४) कुनै व्यक्तिको परम्परागत ज्ञानमा रहेको सुत्र वा फर्मुलाको प्रयोग गरी घरेलु मदिराको उत्पादन गर्ने भएमा उत्पादकले त्यस्तो सूत्र वा फर्मुलाको प्रयोग गर्ने र त्यसको लाभको बाँडफाँडको सम्बन्धमा सम्बन्धित व्यक्तिसँग सम्झौता गर्नु पर्नेछ ।

विष्णु प्रसाद सुवेदी
प्रमुख प्रशासकीय अधिकृत

१७. उत्पादकको दायित्वः यस ऐन बमोजिम इजाजतपत्र प्राप्त व्यक्ति वा दर्ता भएको उद्योगले घरेलु मदिराको उत्पादन वा प्याकेजिङ गर्दा प्रचलित कानून बमोजिम पूरा गर्नुपर्ने दायित्वको अतिरिक्त देहायको दायित्व पूरा गर्नुपर्नेछः-

(क) त्यस्तो मदिरा तोकिएको गुणस्तर भएको सुनिशचत गर्ने,

(ख) त्यस्तो मदिराको उत्पादन सङ्कलन, प्रशोधन तथा प्याकेजिङ गर्दा खाद्य स्वच्छता र व्यवस्थापन प्रणालीको अवलम्बन गर्ने,

(ग) घरेलु मदिराको उत्पादन, प्रशोधन तथा प्याकेजिङ सम्बन्धी विवरण तयार गरी सुरक्षित रुपमा राख्ने,

(घ) पहिचान पद्वती (ट्रसियाविलिटी) कायम गर्ने ।

१८. घरेलु मदिराको वोटलिङः कसैले पनि प्लाष्टिकको बोतल वा पोका (पाउच) मा घरेलु मदिरा राखी मदिराको उत्पादन तथा बिक्री वितरण गर्नु वा गराउनु हुँदैन।

तर अनुमति लिएर तोकिए बमोजिमको गुणस्तर भएको प्लाष्कि बोतलको प्रयोग गर्न सकिनेछ।

१९. उद्योगको जिम्मवारी हुने : (१) यस ऐन बमोजिम घरेलु मदिराको उत्पादन, सङ्कलन, वोटलिङ तथा प्याकेजिङ गरेको घरेलु मदिराको गुणस्तर तथा खाद्य स्वच्छता सम्बन्धी दायित्व सम्बन्धित उद्योगको हुनेछ ।।

(२) उपदफा (१) को प्रयोजनको लागि उद्योगले सम्बन्धित इजाजतपत्र प्राप्त व्यक्तिको उत्पादन स्थलको निरीक्षण तथा अनुगमन गर्ने, उत्पादनको क्रममा कुनै सुधार गर्नु पर्ने भएमा सुधार गर्न निर्देशन दिन तथा गुणस्तर र खाद्य स्वच्छता सम्बन्धी मापदण्ड पूरा नगरेको घरेलु मदिरा त्यस्तो मापदण्ड पूरा नभएसम्म खरिद गर्न इन्कार गर्न सक्नेछ।

२०. अभिलेख राख्नु पर्नेः उत्पादकले घरेलु मदिराको उत्पादन, सङ्कलन, प्रशोधन, वोटलिङ, प्याकेजिङ तथा विकी वितरण सम्बन्धमा देहाय बमोजिमको विवरण तोकिए बमोजिमको ढाँचामा तयार गरी अद्यावधिक रुपमा अभिलेख राख्नु पर्नेछः-

(क) वास बनाउनको लागि फर्मेन्टेशन गर्दा प्रयोग गरेको कच्चा पदार्थ, पानीको मात्रा सम्बन्धी विवरण,

(ख) चुहान (डिस्टिलेसन) को लागि तयार भएको वास डिस्टिलेसन प्लान्टमा हाल्नु अगावै डिष्टिल गर्ने वासको परिमाण,

(ग) वासबाट चुहान भएको मदिराको परिमाण र त्यसको प्रतिशत वा मात्रा,

(घ) मदिरा बनाउन प्रयोग गरेको अन्न वा फलफुलको हिसाब राखी त्यसबाट के कति मदिरा उत्पादन भयो सोको विवरण तथा त्यस्तो अन्न वा फलफुल उत्पादन गरिएको क्षेत्र र उत्पादक तथा आपूर्तीकर्ताको विवरण,

(ङ) उत्पादकले आफुले उत्पादन तथा सङ्कलन र विकी वितरण गरेको घरेलु मदिराको उत्पादन तथा सङ्कलन र विकीको दैनिक हिसाब, र

(च) तोकिए बमोजिमका अन्य विवरण।

२१. खोज तथा अनसन्धान गर्न गराउन सक्नेः (१) स्थानीय सरकार, संघ संस्था, उत्पादक वा अन्य कुनै व्यक्तिले घरेलु मदिराको गुणस्तरमा सुधार गर्न, परम्परागत ज्ञानलाई वैज्ञानिक रुपमा जानकारी दिन, घरेलु मदिराको उत्पादन, सङ्कलन तथा उपयोगका सम्बन्धमा सुधार तथा सुझाव दिन, उत्पादन प्रक्रियालाई वैज्ञानिक र आधुनिक बनाउन, घटक (इन्ग्रेडियन्ट) को छनौट र प्रयोगमा विविधता र स्तरीय बनाउन, स्वाद तथा वासनाको सम्बन्धमा सुधार गर्न तथा उत्पादनका उपकरण सम्बन्धमा सुधार गर्न समेतको लागि आवश्यक खोज तथा अनुसन्धान गर्न गराउन सक्नेछ।

(२) उपदफा (१) को प्रयोजनको लागि स्थानीय सरकार, संघ संस्था, उत्पादक वा अन्य कुनै व्यक्तिले अनुसन्धानशाला वा प्रचलित कानून बमोजिम प्रयोगशालाको स्थापना तथा सञ्चालन गर्न सक्नेछन्।

विष्णु प्रसाद सुवेदी
प्रमुख प्रशासकीय अधिकृत

२२. अनुगमन तथा निरीक्षण: (१) घरेलु मदिराको उत्पादन, सङ्कलन, प्रशोधन, वोटलिङ, प्याकेजिङ, लेवलिङ तथा विक्री वितरण सम्बन्धमा यस ऐन तथा यस ऐन अन्तर्गत बनेको नियमावली बमोजिम पालना गर्नुपर्ने व्यवस्था पालना गरे नगरेको वा खाद्य स्वच्छता र गुणस्तर कायम गरे नगरेको विषयमा नगरपालिकाले तोकेको अधिकारीले समय समयमा अनुगमन तथा निरीक्षण गर्न सक्नेछ। आवश्यक्ताको आधारमा संघीय तथा प्रदेश सरकारबाट अनुगमन गरी आवश्यक सल्लाह सुझाव प्रदान गर्न सक्नेछ।

(२) उपदफा (१) बमोजिम अनुगमन तथा निरीक्षणको क्रममा उत्पादकलाई सुधारको लागि कुनै निर्देशन दिनु आवयक देखिएमा अवधि तोकी सुधार गर्नको लागि निर्देशन समेत दिन सक्नेछ।

(३) उपदफा (२) बमोजिम दिइएको निर्देशनको पालना गर्नु सम्बन्धित उत्पादकको कर्तव्य हुनेछ।।

२३. घरेलु मदिराको वर्गीकरण: यस ऐन बमोजिम दर्ता भएको उद्योगले उत्पादनमा प्रयोग भएको अन्न, फलफुल वा जडीबुटी र अल्कोहलको मात्रा तथा गुणस्तरका आधारमा घरेलु मदिरालाई तोकिए बमोजिम वर्गीकरण गर्न सकिनेछ।

२४. घरेलु मदिराको प्याकेजिङ तथा लेबलिङ: (१) उद्योगले उत्पादन, सङ्कलन, प्रशोधन तथा वोटलिङ गरेको घरेलु मदिरालाई सुरक्षित रुपमा सम्बन्धित कार्यालयको अनुमतीमा अन्त:शुल्क स्टिकर सहितको सिल प्याकेजिङ गरेर मात्र विकी वितरण गर्नु पर्नेछ।

(२) घरेलु मदिराको प्याकेजिङ गर्दा निम्न विषय लेबलमा उल्लेख गर्नु पर्नेछ:-

(क) घरेलु मदिराको नाम, उत्पादकको नाम र ठेगाना,

(ख) घरेलु मदिराको सम्मिश्रण भएमा सोको विवरण,

(ग)घरेलु मदिराको परिमाण (लिटरमा), विकी मूल्य, ब्याच नम्बर, बोतलको सिलसिलेवार नम्बर, उत्पादन मिति र त्यस्तो मदिरामा रहेको अल्कोलको प्रतिशत र मात्रा,

(घ) निश्चित अवधिभित्र उपभोग गरिसक्नु पर्ने भएमा त्यस्तो अवधि,

(ङ) निश्चित अवस्था र तरिकाले सेवन गर्दा स्वाद र गुणमा फरक पर्ने भएमा सोसम्बन्धी विवरण,

(च) त्यस्तो मदिराको परम्परागत उपयोगको बारेमा जानकारी दिनु चाहेमा त्यस्तो जानकारी सम्बन्धी विवरण।

(३) उपदफा (१) बमोजिम लेबलमा लगाउने विवरण सर्वसाधारणले बुझ्ने गरी उद्योगले नेपाली र अंग्रेजी भाषामा लेख्नु पर्नेछ नेपाली र अंग्रेजी भाषाका अतिरिक्त अन्य भाषामा पनि त्यस्तो विवरण लेख्न सकिनेछ।

## परिच्छेद-४

## घरेलु मदिराको विकी वितरण र नियन्त्रण सम्बन्धी व्यवस्था

२५. घरेलु मदिराको विकी वितरण: (१) यस ऐन बमोजिम इजाजतपत्र प्राप्त व्यक्तिले उत्पादन गरेको घरेलु मदिरा उद्योगलाई मात्र विकी वितरण पर्नेछ।

(२) उद्योगले प्रचलित कानून बमोजिम मदिराको विकी वितरणको इजाजतपत्र प्राप्त फर्म बाहेक अरुलाई त्यस्तो मदिरा खुद्रा वा थोक कुनै पनि प्रकारले विकी वितरण गर्न पाउने छैन।

(३) विद्यालय, धार्मिक स्थल, सार्वजनिक स्थलमा घरेलु मदिराको उत्पादन, विकी वितरण तथा उपभोग गर्न पाईने छैन।

विष्णु प्रसाद सुवेदी
प्रमुख प्रशासकीय अधिकृत

तर परम्परागत रुपमा मदिरा चढाँइदै आएका देवी देवताका मठ मन्दिरमा घरेलु मदिराको प्रयोग गर्न यस उपदफाले बाधा पुऱ्याएको मानिने छैन।

(४) कसैले पनि अठार वर्ष उमेर पूरा नभएको व्यक्तिलाई घरेलु मदिराको उत्पादन, विक्री वितरण वा ओसारपसार तथा उपभोगमा प्रयोग गर्न पाइने छैन।

(५)ग्राहकलाई मदिरा सेवन गराउँदा होस हवास हराउने गरी वा ग्राहकले आफूलाई नियन्त्रण राख्न नसक्ने गरी धेरै मात्रामा मदिरा सेवन गराउन पाइने छैन।

(६)मदिरासेवन गरी मातेका व्यक्तिलाई आफनो होटेल, रिजर्ट, बार, रेष्टुरेण्ट, पसलमा प्रवेश गराउन वा मदिरा बेच्न वा सेवन गराउन पाइने छैन।

(७)मदिरा सेवनको असरलाई बिचार गरी मदिरा सेवन गर्न छोडि सकेका व्यक्तिलाई पूनः मदिरा सेवनको लागि उत्साहित गराउन पाइने छैन।

(८) कानुन बमोजिम मदिराको बिक्रि वितरण गर्न निषेध गरेको होटेल, रिजर्ट, बार, रेष्टुरेण्ट, पसल वा समय वा दिन वा स्थानमा मदिराको बिक्रि वितरण गर्न वा सेवन गराउन पाइने छैन।

(९) विद्यालय, अस्पताल, मन्दिर वा सार्वजनिक महत्वका नेपाल सरकार, प्रदेश सरकार र भीमेश्वर नगरपालिकाले तोकेका कुनै पनि स्थान वा क्षेत्रभित्र मदिरा विक्रि वितरण गर्ने वा त्यस्ता स्थान वरिपरिका होटेल, लज, रिजर्ट, बार, रेष्टुरेण्ट, पसलमा पनि मदिरा सेवन गराउने कार्य गर्न पाइने छैन ।

(१०) मदिरा सेवन गरि समुदायमा होहल्ला, शान्ति भंग हुने क्रियाकलाप वा झैझगडा गर्ने पाइने छैन

यस ऐन बमोजिम मदिरा बिक्री वितरण गर्न खुद्रा र थोक बिक्रेताहरुले राती दश बजेसम्म मात्र मदिराको बिक्री वितरण गर्न पाउनेछन ।

(११) मदिरा सेवन गराउँदा होटेल, लज, बार, रेष्टुरेण्ट, पसलहरुको भित्री भागमा खुवाउने व्यवस्था गर्नु पर्नेछ ।

२६. घरेलु मदिरा तथा अन्य वस्तुको खानतलासी, कब्जा वा जफतः (१) कुनै व्यक्ति, उद्योग, फर्म वा संस्थाले यस ऐन विपरित घरेलु मदिराको उत्पादन, सङ्कलन, प्रशोधन, वोटलिङ, प्याकेजिङ तथा विक्री वितरण वा निकासी पैठारी गरेमा सोकार्यसँग सम्बन्धित घरेलु मदिरा, कच्चा पदार्थ वा उपकरण कार्यालय वा तोकिएको अधिकारीले खानतलासी, कब्जा वा जफत गर्न सक्नेछ।

(२) कार्यलय वा तोकिएको अधिकारीले उपदफा (१) बमोजिम खानतलासी, कब्जा वा जफत गर्दा सम्बन्धित वडाको जनप्रतिनिधिको रोहवरमा गर्नु पर्नेछ

(३) कार्यालय वा तोकिएको अधिकारीले उपदफा (१) बमोजिम खानतलासी, कब्जा वा जफत गरेको घरेलु मदिरा, कच्चा पदार्थ तथा उपकरणको प्रतिवेदन सहितको जानकारी नगरपालिकाको कार्यालयमा पेस गर्नु पर्नेछ

## परिच्छेद - ५

## मर्चाको उत्पादन, इजाजत र गुणस्तर सम्बन्धी व्यवस्था

२७. मर्चा बनाउन प्रयोग हुने कच्चा पदार्थः (१) मर्चा बनाउन प्रयोग हुने कच्चा पदार्थहरु स्वच्छ, संक्रमणरहित र खाद्य प्रयोजनका लागि उपयुक्त हुनु पर्नेछ ।

(२) मर्चामा प्रयोग हुने जीवाणु (माइक्रोअर्गानिजम वा यिस्ट) प्रजातीहरु स्थानीय सरकारले तोकेको प्रयोगशालाबाट प्रमाणित भएको हुनुपर्नेछ ।



विष्णु प्रसाद सुवेदी
प्रमुख प्रशासकीय अधिकृत

(३) मर्चाको लागि कच्चा पदार्थको प्रयोग हुने अगाडि प्राथमिक प्रशोधन (क्लिनिङ, ड्राइङ आदि) अनिवार्य गर्नु पर्नेछ ।

२८. मर्चाको उत्पादनः (१) दफा २७ बमोजिमको कच्चा पदार्थ प्रयोग गरी मर्चाको उत्पादन गर्दा देहाय बमोजिमका मापदण्डको पालना गर्नु पर्नेछः-

(क) संक्रमणरहित वातावरणमा उत्पादन हुनु पर्नेछ

(ख) तापमान र आद्रता सन्तुलित अवस्थामा हुनु पर्नेछ ।

(ग) असल उत्पादन अभ्यासको अवलम्बन पर्नेछ ।

(घ) तोकिए बमोजिमका अन्य मापदण्डको पालना गर्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम उत्पादन भएको मर्चाको गुणस्तर स्थानीय सरकारले स्थापना गरेको वा स्थानीय सरकारले तोकेको प्रयोगशालाबाट अनिवार्य परिक्षण गर्नु पर्नेछ ।

(३) उपदफा (२) बमोजिम परिक्षण गर्दा तोकिएको गुणस्तर नभएको मर्चा प्रयोग गर्न पाइने छैन।

२९. परम्परागत रुपमा मर्चाको उत्पादन गर्न सकिनेः (१) परम्परागत रुपमा प्रमाणित ज्ञान, सीप, प्रविधि र सूत्रको आधारमा समेत मर्चाको उत्पादन गर्न सकिनेछ।

(२) मर्चामा प्रयोग गरिने जडीबुटीको पहिचान, संरक्षण, सम्बर्द्धन हुने गरी व्यवशायिक उत्पादन गर्नु पर्नेछ

(३) उपदफा (१) बमोजिम उत्पादन गरिएको मर्चाको प्रयोग अघि दफा २८ को उपदफा (२) बमोजिम परीक्षण गर्नु पर्नेछ ।

(४) उपदफा (३) बमोजिम परीक्षण गर्दा तोकिएको गुणस्तर भएको मर्चा मात्र घरेलु मदिराको उत्पादनमा प्रयोग गर्नु पर्नेछ ।

३०. मर्चाको उत्पादन गरी विकी वितरण गर्न इजाजत लिनुपर्नेः (१) घरेलु मदिरामा प्रयोग गरिने मर्चा उत्पादन गर्ने व्यक्ति, उद्योग, फर्म वा संस्थाले यस ऐन बमोजिम इजाजतपत्र लिएर मात्र विकी वितरण गर्नु पर्नेछ ।

तर उत्पादकले आफैले मर्चाको उत्पादन गरी घरेलु मदिरा उत्पादन गर्दा यस दफाले बाधा पुऱ्याएको मानिने छैन।

(२) मर्चाको उत्पादन तथा विकी वितरण सम्बन्धी इजाजत पत्रको लागि दिइने निवेदन, इजाजतपत्रको ढाँचा, इजाजत दस्तुर र अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

३१. मर्चाको प्याकेजिङ, लेवलिङ र भण्डारणः (१) मर्चा उत्पादन भएपछि मर्चाको सुरक्षित प्याकेजिङ गरी लेबलिङमा देहाय बमोजिमका विवरणहरु अनिवार्य रुपमा उल्लेख गर्नु पनेछः-

(क) उत्पादनको नाम, उत्पादन मिति र म्याद समाप्त हुने मिति,

(ख) प्रयोग भएका कच्चा पदार्थको विवरण,

(ग) उत्पादकको नाम, ठेगाना र इजाजत नम्बर,

(घ) प्रयोगको मात्रा र विधि,

(ङ) तौल र मुल्य (एमआरपी), र

(च) भण्डारण सम्बन्धी जानकारी।

भीमेश्वर नगरपालिका नगर कार्यपालिकाको कार्यालय चरिकोट, दोलखा बागमती प्रदेश, नेपाल २०७३

विष्णु प्रसाद सुवेदी
प्रमुख प्रशासकीय अधिकृत

(२) उपदफा (१) बमोजिम उत्पादित मर्चाको प्याकेजिङमा मर्चाको प्रयोग विधि र मात्रा विस्तृत रुपमा उल्लेख गरेको हुनु पर्नेछ ।

(३) मर्चा उत्पादनमा प्रयोग हुने कच्चा पदार्थ र उत्पादित मर्चा चिसो, सुख्खा, अँध्यारो, स्वच्छ र सुरक्षित स्थानमा भण्डारण गर्नु पर्नेछ ।

(४) उत्पादित मर्चामा त्रुटि वा खराबी देखिएमा वा गुणस्तरको नभएमा वितरित मर्चालाई संकलन गरी उद्योगले उचित व्यवस्थापन गर्नु पर्नेछ

(५) मर्चाको उत्पादन, गुणस्तर र भण्डारण सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

## परिच्छेद-६

३२. मदिरा नियमन तथा व्यवस्थापन सम्बन्धी समिति

(१) नगरपालिका क्षेत्रमा मदिरा नियमन तथा व्यवस्थापन गर्न देहाय अनुसार सदस्य रहेको मदिरा नियमन तथा व्यवस्थापन सम्बन्धी नगर स्तरीय समिति रहनेछ ।

| | |
|---|---|
| १. नगर प्रमुख | - संयोजक |
| २. नगर उपप्रमुख | - सह संयोजक |
| ३. प्रमुख प्रशासकीय अधिकृत | - सदस्य |
| ४. वडा अध्यक्षहरु | -सदस्य |
| ५. जिल्ला प्रशासन कार्यालय अधिकृत प्रतिनिधि | - सदस्य |
| ६. स्थानीय प्रहरी कार्यालयको प्रमुख वा प्रतिनिधि | - सदस्य |
| ७. मदिरा व्यवसायी मध्येबाट संयोजकले छनौट गरेको प्रतिनिधी | - सदस्य |
| ८. राजश्व/उद्योग शाखा प्रमुख | - सदस्य |
| ९. स्वास्थ्य शाखा प्रमुख | - सदस्य |
| १० शिक्षा शाखा प्रमुख | - सदस्य |
| ११. अध्यक्ष दोलखा उद्योग वाणिज्य संघ | - सदस्य |
| १२. स्थानीय बजार निरिक्षण अधिकृत | - सदस्य सचिव |

(२) समितिको काम कर्तव्य र अधिकार

१. समितिले आफ्नो क्षेत्र भित्रका टोल, बजार, विद्यालय, स्वास्थ्य केन्द्र, पार्क, मन्दिर लगायतका स्थान तथा सार्वजिनिक स्थलहरुमा मदिराको प्रयोगको अवस्था के कस्तो छ रहेको छ सोको अनुगमन गर्ने

२. मदिराको उपभोग र विक्रीवितरण सम्बन्धमा बनेको ऐनको परिपालनाको अनुगमन गर्ने

३. मदिरा नियन्त्रण तथा व्यवस्थापनका लागि आवश्यक चौमासिक रुमपमा वडा स्तरीय समिति मार्फत सचेतनामूलक कार्यक्रम सञ्चालन गर्ने ।

४. अवैध रुपमा हुने मदिराको उत्पादन तथा विक्रि वितरण नियन्त्रण एवम् नियन्त्रण गर्ने,

५. मदिरा नियमन तथा व्यवस्थापन कार्यमा सहयोग पुऱ्याउनेलाई प्रोत्साहन गर्ने ।

६. मदिराको कुलतमा लागेका व्यक्तिलाई पुर्नस्थापन कार्यमा सहजिकरण गर्ने



विष्णु प्रसाद सुवेदी
प्रमुख प्रशासकीय अधिकृत

७ अनुगमन तथा खानतलासीबाट वा वडा स्तरीय समितिबाट यस ऐन विपरित कार्य गरेको भनी देखिएको सिफारिस भइ आएमा जाँचबुझ गरी तोकिए बमोजिम दण्ड जरिवाना गर्ने ।

८ समितिबाट भएको कार्य प्रगती नगरकार्यपालिकामा पेश गर्ने ।

९.मदिराको नियन्त्रण र व्यवस्थापनको लागि जनचेतनामूलक कार्यक्रमहरु, सन्देश तथा सूचना प्रशारण तथा प्रकाशन गर्ने

(३) मदिरा नियमन तथा व्यवस्थापन गर्नका लागि प्रत्येक वडामा देहाय अनुसार सदस्य रहने गरी मदिरा नियमन तथा व्यवस्थापन सम्बन्धी वडा स्तरीय समिति रहनेछ :

| | |
|---|---|
| १. वडा अध्यक्ष | - संयोजक |
| २. वडाप्रहरी कार्यालयको प्रतिनिधि | - सदस्य |
| ३. वडा स्तरको स्वास्थ्य कार्यालयको प्रतिनिधि | - सदस्य |
| ४. वडा स्तरको विद्यालयको प्र.अ.मध्येबाट एक जना | - सदस्य |
| ५ .वडा कार्यालयको सचिव - | - सदस्य सचिव |

(४) समितिको काम कर्तव्य र अधिकार

१. समितिले आफ्नो वडा भित्रका टोल, बजार, विद्यालय, स्वास्थ्य केन्द्र, पार्क, मन्दिर लगायतका स्थान तथा सार्वजिनिक स्थलहरुमा मदिराको अवस्था के कस्तो छ सोको अनुगमन गर्ने

२. मदिराको उपभोग र विक्रीवितरण सम्बन्धमा बनेको ऐनको परिपालिनाको अनुगमन गर्ने

३. मदिरा नियन्त्रण तथा व्यवस्थापनका लागि आवश्यक सचेतनामूलक कार्यक्रम सञ्चालन गर्ने

४. समितिबाट भएको कार्य प्रगती नगरपालिका स्तरीय मदिरा नियमन तथा व्यवस्थापन समितमा चौमासिक रुपमा पेश गर्ने ।

(५) समुदायमा कानून विपरित मदिरा उत्पादन, बिक्री वितरण गर्ने, पटक पटक तोकिएको शर्त उल्लंघन गर्ने र मदिरा सेवन गरि कुनै व्यक्ति तथा समुदायलाई पटक पटक गाली बेइज्जती गर्ने, कुनै आक्षेप लगाउने र समुदायमा मदिरा सेवन गरि झैझगडा गर्ने व्यक्तिलाई कानून बमोजिम कारवाहीका लागि सम्बन्धित निकायमा वडा स्तरीय समितिले सिफारिस गरी पठाउन सक्ने छ ।

(६) पटक पटक कानून विपरित कार्य गर्ने व्यक्तिको इजाजत पत्र नविकरण नगर्न, इजाजत पत्र रद्द गर्न समेतको सिफारिस गर्न सकिने छ ।

(७) मदिराको नियन्त्रण र व्यवस्थापनको लागि जनचेतनामूलक कार्यक्रमहरु, सन्देश तथा सूचना प्रशारण तथा प्रकाशन गर्ने

## परिच्छेद-७ कसुर र सजाय सम्बन्धी व्यवस्था

३३. कसुरः (१) कसैल देहायको कार्य गरेमा घरेलु मदिराजन्य कसुर गरेको मानिनेछ :-

(क) दर्ता प्रमाणपत्र वा इजाजतपत्र नलिई मर्चा तथा घरेलु मदिराको व्यवशायिक उत्पादन, सङ्कलन, प्रशोधन, वोटलिङ, प्याकेजिङ तथा विकी वितरण गरेमा,

(ख) प्रचलित कानून बमोजिम इजाजतपत्र नलिई मर्चा तथा घरेलु मदिराको निकासी पैठारी गरेमा,

१३

विष्णु प्रसाद सुवेदी
प्रमुख प्रशासकीय अधिकृत

(ग) निर्धारित गुणस्तर कायम नगरी मर्चा तथा घरेलु मदिराको उत्पादन गरेमा,

(घ) अखाद्य वस्तुको प्रयोग गरी मर्चा वा घरेलु मदिरा उत्पादन तथा विक्री वितरण गरेमा,

(ङ) दर्ता तथा इजाजतपत्रमा तोकिएको सर्त पालना नगरी उत्पादन गरेमा,

(च) प्रचलित कानून बमोजिम तिर्नुपर्ने राजस्व नतिरेमा वा छली गरेमा,

(छ) यस ऐन तथा यस ऐन अन्तर्गत बनेको नियमावलीमा भएका व्यवस्था विपरितको कार्य गरेमा।

३४ सजाय तथा जरिबानाः (१) दफा ३३ बमोजिमको कसुरमा कार्यलय वा तोकिएको अधिकारीले त्यस्तो व्यवसाय तुरुन्त बन्द गरी सिल लगाई देहाय बमोजिमको सजाय तथा जरिबाना गर्न सक्नेछ :

(क) दफा ३३ को खण्ड (क) वा (ख) वा (छ) बमोजिमको कसुर गरेमा बिगो जफत गरी बिगो बमोजिम जरिवाना,

(ख) दफा ३३ को खण्ड (ग) वा (ङ) बमोजिमको कसुर गरेमा विगो जफत गरी मर्चाको हकमा पाँचहजार रुपैयाँ देखि पच्चिस हजार रुपैयाँसम्म र घरेलु मदिराको हकमा दशहजार रुपैया पचास हजार रुपैया सम्म जरिवाना,

(ग) दफा ३३ को खण्ड (घ) बमोजिमको कसुर गरेमा विगो जफत गरी मर्चाको हकमा पच्चिस

हजार रुपैया देखि पचास हजार रुपैया सम्म र घरेलु मदिराको हकमा पचास हजार रुपैया देखि एकलाख रुपैया सम्म जरिवाना सहित प्रचलित कानून बमोजिमको सजाय,

(घ) दफा ३३ को खण्ड (च) बमोजिमको कसुर गरेमा तिर्नुपर्ने राजस्व बराबरको रकम र पाँच हजार रुपैया देखि पचास हजार रुपैया थप जरिवाना।

(२) उपदफा (१) बमोजिमको सजाय तथा जरिवाना उपर चित्त नबुझेमा उत्पादकले सम्बन्धित जिल्ला अदालत समक्ष पुनरावेदन गर्न सक्नेछ ।

३५. दुःख दिने नियतले खानतलासी, कब्जा वा जफत गर्नेलाई सजायँः यस ऐनको विरुद्ध काम भए गरेको भन्ने मनासिब आधार नभई अरूलाई दुःख दिने तथा क्षति पुऱ्याउने नियतले कुनै स्थानमा प्रवेश गर्न वा खानतलासी गर्ने गराउने, कब्जा वा जफत गर्न नहुने सामान कब्जा वा जफत गर्ने गराउने वा कसैलाई अनावश्यक क्षति पुऱ्याउन लगाउने व्यक्तिलाई प्रचलित कानून बमोजिम सजाय हुनेछ ।

## परिच्छेद-८ विविध

३६. वातावरण प्रदुषण गर्न नहुने : (१) उत्पादकले घरेलु मदिराको उत्पादन, सङ्कलन, प्रशोधन, वोटलिङ, प्याकेजिङ तथा विक्री वितरण गर्दा वातावरण प्रदूषण नहुने गरी गर्नु पर्नेछ ।

(२) यस ऐन बमोजिम मर्चा तथा घरेलु मदिरा उत्पादन गर्ने उद्योगले प्रचलित कानून बमोजिम वातावरणीय अध्ययन गर्नु पर्ने भएमा सोसमेत गरी उद्योग सञ्चालन गर्नु पर्नेछ ।

३७. वाषिक विवरण उपलब्ध गराउनु पर्नेः उत्पादकले घरेलु मदिराको उत्पादन, सङ्कलन, प्रशोधन, वोटलिङ, प्याकेजिङ तथा विक्री वितरण सम्बन्धमा तोकिए बमोजिमका विवरण कार्यलयलाई प्रत्येक वर्ष उपलब्ध गराउनु पर्नेछ ।

३८. नियम बनाउने अधिकार : यस ऐनको उद्देश्य कार्यान्वयन गर्न नगरकार्यपालिकाले नियम बनाउन सक्नेछ ।

३९ कार्य विधि तथा निर्देशिका बनाउन सक्ने : यस ऐन र ऐन अन्तर्गत बनेको नियमावलीको कार्यान्वयन गर्न नगरकार्यपालिकाले आवश्यक कार्यविधि तथा निर्देशिका बनाई लागु गर्न सक्नेछ।



विष्णु प्रसाद सुवेदी
प्रमुख प्रशासकीय अधिकृत

भीमेश्वर नगरपालिका नगर कार्यपालिकाको कार्यालय चरिकोट, दोलखा बागमती प्रदेश, नेपाल २०७३

४०. ऐनको संसोधन् : यस ऐनको संशोधन गर्न आवश्यक देखिएमा नगरसभाबाट गर्न सकिनेछ ।

४१. नगरपालिकाबाट पारित भएको मदिरा नियमन तथा व्यवस्थापन सम्बन्धी ऐन २०७७ खारेज गरिएको छ ।

अनुसूची १

स्थानीय मदिरा (रक्सी) उत्पादन अनुमतिको लागि आवेदन गर्ने फारम

भीमेश्वर नगरपालिका

नगरकार्यपालिकाको कार्यालय, चरिकोट, दोलखा

फारम नं.:

१. आवेदकको विवरण

नामथर : ....................................................

उमेर : ...............

नागरिकता नं. : ...........................................राष्ट्रिय परिचय पत्र नं

स्थायी ठेगाना : ..........................................

सम्पर्क नं. : .............................................

इमेल (यदि भए) : ..........................................

२. व्यवसाय/संस्थाको विवरण

उद्योग/व्यवसोयको नाम : .................................

दर्ता नं. : ................................. दर्ता मिति : ..........................

उद्योग/व्यवसोयको नाम : ...................................

उत्पादन स्थलको ठेगाना : ...................................

विष्णु प्रसाद सुवेदी
प्रमुख प्रशासकीय अधिकृत

उद्योगको प्रकार :

☐ घरेलु उद्योग

☐ साना/मध्यम उद्योग

☐ सहकारी

☐ कम्पानी रजिष्टारको कार्यालयमा दर्ता भएको उद्योग। कम्पनी

३. उत्पादन सम्बन्धी विवरण

उत्पादित हुने मदिराको प्रकार :

☐ फापर आधारित ☐ गहुँ आधारित

☐ कोदो आधारित ☐ मकै आधारित

☐ फलफूल आधारित ☐ अन्य (उल्लेख गर्नुहोस) ................................

उत्पादन क्षमता (प्रति महिना) : ..............................

कच्चा पदार्थको स्रोत :

☐ स्थानीय किसान

☐ बजार

☐ सहकारी

विवरण: ......................................................

उत्पादन प्रक्रियाको संक्षिप्त विवरण (फर्मेन्टेसन/डिस्टिलेसन/फिल्ट्रेसन) :

......................................................................

......................................................................

४. संरचना तथा उपकरणको विवरण

फर्मेन्टेसन ट्यांकी संख्या : ................

डिस्टिलेसन उपकरण प्रकार : ................

भण्डारण क्षमता : .........................

पानीको स्रोत : ............................

स्वच्छता तथा सुरक्षा व्यवस्था :

भीमेश्वर नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
चरिकोट, दोलखा
बागमती प्रदेश, नेपाल
२०७२

विष्णु प्रसाद सुवेदी
प्रमुख प्रशासकीय अधिकृत

..............................................................................

५. संलग्न कागजातहरू

☐ नागरिकता प्रतिलिपि, राष्ट्रिय परिचय पत्र प्रतिलिपि

☐ व्यवसाय/उद्योग दर्ता प्रमाण

☐ कर चुक्ता प्रमाणपत्र

☐ स्थल नक्सा र फोटो

☐ स्वास्थ्य तथा स्वच्छता योजना

☐ कच्चा पदार्थ स्रोत पुष्टि कागजात

६. आवेदकको घोषणा

म यस फारममा उल्लेख गरिएका विवरणहरू सत्य, यथार्थ र पूर्ण रहेको घोषणा गर्दछु।

नगरपालिकाले तोकेको सम्पूर्ण मापदण्ड, कानुन तथा कार्यविधी पालन गर्नेछु।

मिति : ......................

नाम : ..................................

दस्तखत : ................................

७. कार्यलय प्रयोजनका लागि मात्र

निरीक्षण विवरण :

........................................................................

........................................................................

निर्णय :

☐ अनुमति प्रदान गरियो

☐ अस्वीकृत (कारण: ....................................)

निरीक्षण अधिकृत :

नाम : .................................

दस्तखत : .............................

गंगेश्वर नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
वरिकोट, दोलखा
बागमती प्रदेश, नेपाल
२०७२

विष्णु प्रसाद सुवेदी
प्रमुख प्रशासकीय अधिकृत

मिति : ................................

शाखा प्रमुख (उद्योग/कृषि) :

नाम : ................................

दस्तखत : ............................

मिति : ................................

भीमेश्वर नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
चरिकोट, दोलखा
बागमती प्रदेश, नेपाल
२०७३

विष्णु प्रसाद सुवेदी
प्रमुख प्रशासकीय अधिकृत

अनुसूची २

भीमेश्वर नगरपालिका, दोलखा

स्थानीय मदिरा (रक्सी) उत्पादन तथा विक्रि वितरण सम्बन्धी ऐन, २०८२ को दफा ३(७) सँग सम्बन्धित

उद्योग दर्ता तथा उत्पादन, विक्रि-वितरण इजाजतपत्र

इजाजतपत्र नं.: ..................... दर्ता मितिः ....................आर्थिक वर्षः २०....../......

उद्योग/व्यवशायको नामः ....................................................

उद्योगी/फर्म/समूह/ व्यवशायीको नामः ....................................

स्थायी ठेगानाः ....................................................

उद्योग सञ्चालन हुने स्थानः .................................... सम्पर्क नम्बरः ................................

भीमेश्वर नगरपालिका, दोलखाको स्थानीय मदिरा (रक्सी) उत्पादन तथा विक्रि वितरण सम्बन्धी ऐन, २०८२ को दफा ३(७) बमोजिम तपाई ...............................................लाई देहाय बमोजिम स्थानीय मदिरा उत्पादन/प्रशोधन गर्न, भण्डारण गर्न / विक्रि-वितरण गर्न अनुमति प्रदान गरिएको छ।

उत्पादन प्रशोधन /भण्डारण / विक्रि वितरण गरिने मदिराको किसिमः ................................

कच्चा पदार्थः ....................................................

वार्षिक उत्पादन / विक्रि-वितरण क्षमताः ......................................

इजाजत प्रदान गर्ने अधिकारीको

दस्तखतः ....................................................

नामः ....................................................

पदः ....................................................

मितिः ....................................................

(कार्यालयको छाप)

( इजाजतपत्रको अवधि, खारेजी सम्बन्धी व्यवस्था र पालना गर्नुपर्ने शर्तहरू पछाडि उल्लेख गरिएको छ।

भीमेश्वर नगरपालिका नगर कार्यपालिकाको कार्यालय चरिकोट, दोलखा बागमती प्रदेश, नेपाल २०७३

विष्णु प्रसाद सुवेदी
प्रमुख प्रशासकीय अधिकृत

**इजाजतपत्रको अवधि** : यो इजाजतपत्र जारी मितिदेखि एक (१) वर्ष का लागि मान्य हुनेछ । ऐन तथा नियमावली बमोजिम नविकरण गर्नुपर्नेछ ।

**इजाजत खारेज सम्बन्धी व्यवस्था**

ऐन, नियम वा इजाजतपत्रमा उल्लेखित शर्त उल्लङ्घन भएमा भीमेश्वर नगरपालिकाले जुनसुकै समयमा यो इजाजतपत्र निलम्बन वा खारेज गर्न सक्नेछ।

**पालना गर्नुपर्ने शर्तहरू**

- इजाजतपत्रधारीले देहायका शर्तहरू अनिवार्य रूपमा पालना गर्नुपर्नेछः ।
- प्रचलित ऐन, नियम, कार्यविधि तथा नगरपालिकाबाट जारी निर्देशनको पूर्ण पालना गर्नुपर्ने।
- गुणस्तरहीन, स्वास्थ्यमा हानिकारक वा मिसावटयुक्त मदिरा उत्पादन तथा विक्रि गर्न नपाइने।
- १८ वर्ष मुनिका व्यक्तिलाई मदिरा विक्रि वितरण गर्न निषेध।
- कानुनद्वारा निषेधित क्षेत्रभित्र उत्पादन तथा विक्रि गर्न नपाइने ।
- नगरपालिकाले तोकेको कर, दस्तुर तथा शुल्क समयमै बुझाउनुपर्ने।
- अनुगमनका क्रममा नगरपालिकाका प्रतिनिधिलाई आवश्यक सहयोग पुऱ्याउनुपर्ने।
- यस इजाजतपत्रमा उल्लेखित नभएका विषयहरू प्रचलित कानुन बमोजिम हुनेछन् ।

| तयार गर्नेको | प्रमाणित गर्नेको |
|---|---|
| नाम : नारायण प्रसाद सेढाई | नाम : विष्णु प्रसाद सुवेदी |
| हस्ताक्षर : | हस्ताक्षर : |
| पद : वरिष्ठ शाखा अधिकृत | पद : प्रमुख प्रशासकीय अधिकृत |
| मिति : २०८२।१०।२२ | मिति : २०८२।१०।२२ |

भीमेश्वर नगरपालिका नगर कार्यपालिकाको कार्यालय चरिकोट, दोलखा बागमती प्रदेश, नेपाल २०७३

आज्ञाले,
विष्णु प्रसाद सुवेदी
प्रमुख प्रशासकीय अधिकृत

विष्णु प्रसाद सुवेदी
प्रमुख प्रशासकीय अधिकृत